संघीय संसद

संयुक्त बैठक

**अधिवेशन, २०८०**

# बैठकको कारवाहीको संक्षिप्त विवरण

(सूचना पत्र - २)

प्रारम्भ मितिः-

**२०८० साल वैशाख २४ आइतबार**

अन्त्य मितिः-

**२०८० साल कार्तिक १६ बिहीबार**

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)
सिंहदरबार, काठमाडौं

# संघीय संसद
# संयुक्त बैठक
## अधिवेशन, २०८०

*बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण*

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०८०/०२/०५ | ४:१० | ५:५५ |
| २. | २,<br>३ | २०८०/०२/१० | ४:०५<br>४:२५ | ४:१०<br>४:३५ |
| ३. | ४ | २०८०/०२/१४ | ११:२५ | १:०५ |
| ४. | ५ | २०८०/०२/१५ | ४:२० | ७:२० |
| ५. | ६ | २०८०/०७/१४ | ४:१० | ४:३५ |

# संघीय संसद

अधिवेशन, २०८०

# संयुक्त बैठक

## बैठक संख्या - १

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ५ गते शुक्रबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा आज दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्बोधनको प्रति सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नीति तथा कार्यक्रमले समृद्ध, सवल र न्यायपूर्ण नेपाल निर्माण गर्नुका साथै संविधान एवं संघीयता कार्यान्वयन, उत्पदान तथा उत्पादकत्व वृद्धि एवं नागरिकको स्वास्थ्य तथा शिक्षामा सरल पहुँच भई आम नागरिकको जिवनस्तरमा युगान्तकारी परिवर्तन गर्न बल पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले बैठक स्थगित भएपश्चात पनि आ-आफ्नो स्थानमा उभिएर सम्माननीय राष्ट्रपति महोदयलाई विदाई गर्नहुन माननीय सदस्यहरुलाई आग्रह गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक दिनको ५:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

अधिवेशन, २०८०

# संयुक्त बैठक

## बैठक संख्या - २ र ३

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १० गते बुधबार

संघीय संसदको संयुक्त सदनको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा आज दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८०" पेश गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक आजै १५ मिनेट पछि बस्ने गरी दिनको ४:१० बजे स्थगित भयो ।

संघीय संसदको संयुक्त सदनको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा आज दिनको ४:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो ।

त्यसपछि प्रारम्भ भएको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सामान्य छलफलमा माननीय श्री प्रेम सुवाल र माननीय श्री सुमना श्रेष्ठले भाग लिनुभयो ।

ततपश्चात् संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले उक्त छलफलमा उठेका प्रश्नको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "सघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) मस्यौदा नियमावली, २०८०" माथि संशोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरुले आफ्नो संशोधनको सूचना बहत्तर घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा) सिंहदरबारमा दिन सक्नुहुने र संशोधनको सूचना फाराम समेत सोही स्थानबाट प्राप्त हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक २०८० जेठ १४ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी दिनको ४:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

अधिवेशन, २०८०

# संयुक्त बैठक

## बैठक संख्या - ४

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १४ गते आइतबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदनमाथिको संशोधन सहितको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदनमाथिको दफावार छलफलमा निम्नलिखित संशोधनकर्ता माननीय सदस्यहरुले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मूल संशोधनकर्ता मा० श्री जितेन्द्र नारायण देव
३. मा० श्री प्रभु साह
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री प्रेम सुवाल
६. मा० डा० विमला राई पौड्याल

तत्पश्चात संयुक्त संशोधनका निम्नलिखित अन्य संशोधनकर्ता माननीय सदस्यहरुले मस्यौदा प्रतिवेदनमाथिको दफावार छलफलमा भाग लिनुभयो ।

१. मा० श्री भगवती न्यौपाने
२. मा० श्री माया प्रसाद शर्मा
३. मा० श्री उदय बहादुर बोहोरा
४. मा० श्री प्रकाश पन्थ

त्यसपछि संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय श्री खिमलाल देवकोटा र माननीय श्री जितेन्द्रनारायण देवले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन" माथि राख्नुभएको आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहन नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसैगरी निम्नलिखित माननीय सदस्यहरुले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन" माथि राख्नुभएको आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री प्रभु साह
३. मा० श्री सुमना श्रेष्ठ
४. मा० श्री प्रेम सुवाल
५. मा० डा० विमला राई पौड्याल

तत्पश्चात सम्माननीय सभामुखले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन" को नियम २ देखि ४५ सम्म र सम्बन्धित अनुसूची "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन" को प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ क्रमशः पढेर सुनाउनु हुँदै

"संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका मा० सभापति श्री ध्रुव बहादुर प्रधानले "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० अर्थ मन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान मिति २०८० जेठ १५ गते सोमबार दिनको ४:१५ बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम रहेको जानकारी गराउँनुहुँदै उक्त दिनको बैठकमा दुवै सभाका सम्पूर्ण माननीय सदस्यहरु दिनको ४:०० बजे अगाडि नै प्रतिनिधि सभाको बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो ।

तदन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक २०८० जेठ १५ गते सोमबार दिनको ४:१५ बजे बस्ने गरी दिनको १:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

अधिवेशन, २०८०

# संयुक्त बैठक

## बैठक संख्या - ५

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १५ गते सोमबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:२० बजे प्रारम्भ भयो ।

त्यसपछि मा० अर्थमन्त्री डा० प्रकाशशरण महतले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० को नियम ५ बमोजिम आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुहुँदै कूल चालु खर्च रू. ११ खर्ब ४१ अर्ब ७८ करोड र पूजिँगत खर्च ३ खर्ब २ अर्ब ७ करोड र वित्तिय व्यवस्थापन तर्फ ३ खर्ब ७ अर्ब ४५ करोड गरी कूल १७ खर्ब ५१ अर्ब ३१ करोड विनियोजन गरिएको जानकारी गराउँनु भयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक बेलुका ७:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

अधिवेशन, २०८०

## संयुक्त बैठक

### बैठक संख्या - ६

### सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल कात्तिक १४ गते मंगलबार

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले नेपालको औपचारिक भ्रमणमा रहनु भएका संयुक्त राष्ट्र संघका महासचिव महामहिम एन्टोनियो गुटेरेसलाई संयुक्त सदनको तर्फबाट स्वागत गर्नुभयो ।

त्यसपछि संयुक्त राष्ट्र संघका महासचिव महामहिम एन्टोनियो गुटेरेसले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संयुक्त राष्ट्र संघका महासचिव महामहिमबाट आज संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई भएको सम्बोधनप्रति निम्नलिखित धन्यवाद प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले सहमति जनायोः-

*धन्यवाद प्रस्ताव*

"संयुक्त राष्ट्र संघका महासचिव महामहिम एन्टोनियो गुटेरेसबाट नेपालको संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको लागि संयुक्त सदनको यो बैठक महामहिमप्रति धन्यवाद ज्ञापन गर्दछ ।"

तदुपरान्त सम्पूर्ण माननीय सदस्यहरुले आ-आफ्नो स्थान अगाडि उभिएर महासचिव महामहिम एन्टोनियो गुटेरेसलाई बिदाई गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक दिनको ४:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव